का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ पुस २०८०,
बुधबार
27 December 2023,
Wednesday

मूल्य रू. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३२२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# आफैंसँग असन्तुष्ट प्रधानमन्त्री

सफलताका साथै प्रधानमन्त्री प्रचण्डले प्रतिबद्धताअनुसार अनेकन काम गर्न नसकेको स्वीकार गरे । सफलताका लागि विभिन्न प्रतिबद्धता जनाएका उनले जनतामा आशा जगाउन नसके आफूले पनि पद ओगटिरहन जरुरी नरहेको बताएका छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १० पुस ।

प्रधानमन्त्री पुष्कमल दाहाल प्रचण्डले सरकारको नेतृत्व सम्हालेको एक वर्ष भयो । वर्ष दिन पुगेको अवसर पारेर उनले राष्ट्रका नाममा सम्बोधन गरे । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवारबाट राष्ट्रको नाममा सम्बोधन गर्दा सुरुमै भनेका छन्, 'नेपाली समाजमा अत्यन्त चिन्ताजनक रुपमा चारैरित हीनताबोध र नकारात्मकताको डढेलो लगाइँदै गरेको देखिरहेको छु ।'

सकिन्न, बन्दैन, हुँदैन भन्ने नकारात्मकताले नरैदेखि समाजको सिर्जनात्मकता मारिरहेको उल्लेख गर्दै उनले समाजमा रहेको नकारात्मकताका पछाडि नियोजित फैलवाट समेत रहेको भन्दै व्यवस्थासँग जोडे । व्यवस्था विरोधीको गतिविधिको आलोचना गर्दै त्यसलाई मथ्थर पार्न आफू नेतृत्वको सरकारले गरेको कार्यबाट सरकारको कामकारबाहीका प्रवेश गरेका उनले एक वर्षमा भए गरेका कामहरुको फेहरिस्त सुनाए ।

आफू रिपोर्ट कार्डसहित जनतासामु उपस्थित भएको बताएका प्रधानमन्त्री प्रचण्डले आफूले सोचे अनुरूप काम हुन नसके पनि अवस्था निराशाजनक भने नभएको दाबी गरेका छन् । उनले उल्टै प्रश्न गरेका छन्, 'के देशमा साँच्चै केही नभएकै हो श्र के देश पूर्णरूपमा सम्भावनाहीन बन्दै गएको हो ?'

त्यसपछि प्रधानमन्त्रीले आफ्नो कार्यकालमा भएका सकारात्मक उपलब्धिहरू एक-एक गरेर सुनाएका हुन् ।

आफू दोस्रोपटक प्रधानमन्त्री हुनु अघिसम्म देशमा १८ घण्टासम्मको लोडसेडिङलाई नियति मानिएको उल्लेख गर्दै उनले विद्युत विस्तार र पहुँचका साथसाथै लोडसेडिङ अन्त्य गरेर वर्षायाममा पनि विद्युत आयात गर्ने अवस्थामा अहिले देश अगाडि बढिरहेको बताए ।

विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च रहेको भनी प्रधानमन्त्रीले यसलाई उपलब्धी भनेका छन् । घाटामा रहने सार्वजनिक संस्थान नाफामा जान थालेको, >>> पृष्ठ २ मा




प्रधानमन्त्रीको एक वर्ष खेर गयो । मुलुकले कुनै उपलब्धि हासिल गर्न सकेन ।

■ **प्रदीप ज्ञवाली**
पूर्वपरराष्ट्रमन्त्री



संसदमा ३२ सिटसहित तेस्रो दल हुँदा पनि सरकारको नेतृत्वमा पुग्नु र एक वर्ष टिक्नु नै प्रचण्डको ठूलो सफलता हो ।

■ **भीमसेनदास प्रधान**
पूर्वरक्षामन्त्री



स्वास्थ्य, शिक्षा, कृषि, श्रमिक, विद्युत, सरकारी निगमलाई माथि उठाउने कुरामा सरकार सफल भएको छ । सरकारले मरणासन्न सबै निकायलाई ब्युँझाएको छ ।

■ **रामनारायण बिडारी**
राष्ट्रिय सभाका पूर्वसदस्य

अब पूर्वाधारमा कम्तीमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म 'ब्यारेक मोडल'मा लैजाने गरी मैले नीतिगत र व्यवहारिक छलफल गरिरहेको छु । '८० को दशक तीव्र विकासको दशक' भन्ने संकल्पसँगै पूर्वाधारमा देशले नयाँ ढंगले फड्को मार्नैपर्छ ।

**प्रचण्ड**, प्रधानमन्त्री





किराँत समुदायको पर्व उधौली मंगलबारबाट शुरु भएको छ । उधौलीको अवसरमा धरान उपमहानगरपालिका-१७ स्थित साकेला पार्कमा साकेला सिली नाच्दै । तस्वीर: संगीता राई, रासस

# विधेयकको प्राथमिकीकरण गर्दै २२ वटै मन्त्रालय

संघीय सरकारका २२ वटै मन्त्रालय हिउँदे अधिवेशनका लागि संसदमा लैजाने सम्भावित विधेयकहरुको मस्यौदा केलाउने र प्राथमिकीकरण गर्ने कार्यमा छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० पुस ।

संघीय सरकारका मन्त्रालयहरु सम्भावित विधेयकको मस्यौदा अध्ययनमा लागेका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अन्य २२ वटा मन्त्रालयलाई पत्र पठाएर संघीय हिउँदे अधिवेशनमा संसदमा लैजाने सम्भावित विधेयकका मस्यौदा पठाउन भनेपछि मन्त्रालयहरु त्यसमा लागेका हुन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङका अनुसार संघीय सरकारका २२ वटै मन्त्रालय हिउँदे अधिवेशनका लागि संसदमा दैजाने सम्भावित विधेयकहरुको मस्यौदा केलाउने र प्राथमिकिकरण गर्ने कार्यमा छन् ।



के कति कानून निर्माण गर्ने हो त्यसको प्राथमिकता निर्धारण गर्न मन्त्रालयहरुसँग सम्भावित विधेयकको मस्यौदा माग गरिएको हो ।

**कोशलचन्द्र सुवेदी**
सहसचिव, कानून मन्त्रालय

कानून मन्त्रालयले १४ कातिक २०८० मा यथासिघ्र विधेयकका मस्यौदा पठाउनू भनेर सबै मन्त्रालयलाई पत्राचार गरिएको थियो । उक्त पत्रलाई स्मरण गर्दै कानून मन्त्रालयले फेरि ताकेता गरेको छ ।

मन्त्री गुरुङका अनुसार संसदको हिउँदे अधिवेशनमा पेश गर्ने विधयकहरुको प्राथमिकता निर्धारण गर्न र त्यस अनुसार संसदसँग समन्वय गर्नका लागि सबै मन्त्रालयसँग सम्भावित विधेयकको मस्यौदा माग गरिएको हो ।

'संसदको हिउँदे अधिवेशनमा पेस गरिने विधेयकको प्राथमिकता सूची तयार गरी त्यस्तो सूची संसद सचिवालयलाई समेत प्रदान गरी संसदको व्यवस्थापन विधिको काम कारवाहीलाई योजनाबद्धरुपमा अगाडि बढाउन र समयमै कानून निर्माण गर्ने >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## प्रधानमन्त्रीको सम्बोधनमा वैदेशिक रोजगार क्षेत्रका बासी विवरणको फेहरिस्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अन्य क्षेत्रजस्तै श्रम आप्रवास र वैदेशिक रोजगार क्षेत्रलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताएपनि नयाँ कुनै घोषणा गरेनन् । सरकारको नेतृत्व गरेको एक वर्ष पूरा भएको अवसरमा मंगलबार देशवासीका नाममा गरेको सम्बोधनमा प्रधानमन्त्री दाहालले वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित कुनै नयाँ घोषणा नगरेका हुन् ।

वैदेशिक रोजगारमा रहेका श्रमिकहरूलाई श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिसम्बन्धी सेवा पूर्णरूपमा अनलाइन प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाइएको भन्दै सम्बोधनमा प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारमा जाने सेवाग्राहीलाई आफ्नो स्थानीय तहबाट नै सम्पूर्ण सेवा प्राप्त गर्ने र वैदेशिक रोजगार बोर्डबाट प्रदान >>> पृष्ठ २ मा

## अक्षम राजदूत र नियोग प्रमुखहरु निशानामा

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरूलाई फिर्ता बोलाउने बताएका छन् । मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नेपालले विदेशमा पठाएका राजदूत र कूटनीतिक नियोग प्रमुखहरूलाई कार्यक्षमताका आधारमा मात्रै पदमा राख्ने बताए ।

आर्थिक र कूटनतीतिक नियोगहरूलाई लगानी र पर्यटनमा परिणाममुखी परिचालनका लागि आह्वान गर्दै >>> पृष्ठ २ मा

**CGC** CITY GROUP COMPANY

**CITY GROUP COMPANY requires workers for their Hospital Projects.**
Mininum 4 months experience of "Health Care related Programme" and " Operating Theatre Programe" with Hospital experience of 1-2 years can apply.

**कुवेतमा रोजगार**

कम्पनी: **CITY GROUP CO.** शहर : SAFAT
पूर्व स्वीकृत मिति: २०८०/०९/०७ चलानी नं.: ६०२११९७९ LT. No.: 296995

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Patient Assistant | 50 | 150 | सम्बन्धित काममा दक्ष | 240 | १,०३,७०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Operation Theatre Assistant | 20 | 30 | | 210 | ९०,७३८ | | | | | | | |

**प्रि-अन्तर्वार्ता भइरहेको छ ।**

**फाइनल अन्तर्वाता मिति २०८० माघ ०८,०९,१०,११ र १२ गते (22, 23, 24, 25 & 26 January 2024) द रिभर ओभरसिज प्रधान कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):**

Information provided by the Department of Foreign Employment (DOFE) : बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला । .

**THE RIVER OVERSEAS PVT. LTD.**
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247211, 9801247223, 9801247247.
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com
Gov. Lic. No 406/060/061
ISO 9001 : 2015 Certified

## प्रेस विज्ञप्ति

नेपाल स्वर्गजस्तो मुलुक छोडेर पराई मुलुकमा गइ काम गर्ने रहर कसलाई हुन्छ र ! स्वदेशमा प्राप्त हुने न्यून रोजगारी र वार्षिक उत्पन्न हुने बेरोजगारीको फरकतालाई हेर्दा वैदेशिक रोजगारमा जान चाहनु रहर अनि बाध्यता दुबै रहेको छ । वैदेशिक रोजगार ऐन, नियम तथा अभिमुखीकरण तालिम कार्यविधि २०७६ को अधिनमा रहि वैदेशिक रोजगारमा जान चाहने युवाहरुले सही सूचना प्राप्त गरे ती युवाहरुसहित उनीहरुको परिवारको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुग्ने मूल मर्मका साथ तत्कालीन सरकारले २०६० देखि वैदेशिक रोजगारमा जानेले अनिवार्य सःशुल्क अभिमुखीकरण तालिम लिएर जाने अवधारणा ल्याइ कानूनतः मापदण्ड पूरा गरी ५ लाख धरौटी राखेका तालिम केन्द्रहरुबाट मात्र अभिमुखीकरण तालिम प्रदान गर्ने व्यवस्था रहेको कुरा सर्वविदितै छ । विगत २० वर्षअघि रहेको तालिम केन्द्रको पूर्वाधार र कार्यविधि २०७६ (संशोधन २०८०) सम्म आइपुग्दा राष्ट्र बैंकको तथ्यांकले देखाएको मूल्य वृद्धिलाई तालिम प्रदायक संस्थाहरुले धान्नै नसक्ने अवस्थाका कारण तालिमको गुणस्तरमा सधैं प्रश्न चिह्न उत्पन्न हुने समस्याको निराकरण गर्ने अभिप्रायले तथा वैदेशिक रोजगरीमा पठाउने मुलुकहरुको प्रावधानका विषयहरुमा समयसापेक्ष सुधार गर्नुपर्ने अवस्थाका कारण कामदारप्रति पूर्ण उत्तरदायी रहने कटिबद्धताका साथ सरोकार निकायहरुबीच छलफल गरी निश्चल मनले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अभिमुखीकरण तालिम कार्यविधि २०७६ (संशोधन २०८०) मार्फत चालेका कदमलाई उच्च सम्मानका साथ कार्यान्वयन गर्न कटिबद्ध रहि तालिम प्रदायक संस्थाहरुका तर्फबाट माननीय मन्त्रीज्यू, तथा श्रीमान सचिवज्यूको दुरदृष्टिलगायत सुरक्षित वैदेशिक रोजगारका लागि सूक्ष्म अध्ययन गर्ने मन्त्रालय, सरोकार निकायप्रति मुक्त कण्ठबाट हार्दिक आभार प्रकट गर्दछौं ।

यस विषयमा तालिम प्रदायक संस्थाहरुलाई आवश्यक पूर्वाधार तयार गर्नु भनि विभागबाट जारी भएको सूचनापश्चात विभिन्न सञ्चारमाध्यममा सस्तो लोकप्रियताका लागि आएका समाचारप्रति हामी व्यवसायीहरुको ध्यानाकर्षण भएकोले विगतमा तालिम सञ्चालनमा रहेका विकृति/विसंगतिहरुको अन्त्य गर्ने र कामदारप्रति पूर्ण उत्तरदायी हुने कुरामा व्यवसायीहरुका तर्फबाट प्रतिबद्धता व्यक्त गर्दै निम्न विषयहरु बुझिदिनहुन आम नागरिक समाजसमक्ष यसै विज्ञप्तिमार्फत हार्दिक आग्रह गर्दछौं ।

१. दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण गराइ सम्बन्धित मुलुकको भाषाको कमीका कारण ९० प्रतिशत कामदारलाई कामको प्रकृति र सेवा सुविधामा समस्या पर्ने गरेकोले आफैं समस्या समाधान तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी भइ दक्षता प्रस्तुत गर्न ।
२. तालिममा प्रयोग हुने विगतका सामग्रीहरुलाई विस्थापित गरी वैज्ञानिक, प्रविधि अनुकुल अन्तर्राष्ट्रिय स्तरको मापदण्डमा रहेर तालिम सञ्चालन गरी रोजगारीमा रहेको मृत्यु दरलाई न्यूनीकरण गर्न ।
३. एक दिनको तालिमलाई ३ दिन र विगत २० वर्षको बजार मूल्य तथा हालको बजार मूल्यबीच समायोजन गर्न ।

**धन्यवाद**
**महासंघ बाहिर रहेका सम्पूर्ण अभिमुखीकरण तालिम व्यवसायीहरू**

## आफैंसँग...

नेपाल वायुसेवा निगमको तिर्नुपर्ने दायित्व कम हुँदै गएको, नेपाल आयल निगम र नेपाल विद्युत प्राधिकरण नाफामा गएको, यस वर्ष उपभोक्ता मुल्य वृद्धिदर गत वर्षभन्दा २.७ प्रतिशत बिन्दुले कम भएको प्रधानमन्त्रीको भनाइ रहेको छ ।

बैङ्क तथा वित्तीय क्षेत्र र मौद्रिक नीतिमा गरिएका सुधारका कारण बैङ्कहरूको आधार ब्याजदर एकल अंकमा पुगेको छ भने ऋणको ब्याजदर पनि घटेको छ । यसबाट उत्पादन लागत घटेर उपभोक्ता मुल्यमा समेत सकारात्मक प्रभाव पर्ने छ ।

यो वर्ष पर्यटकको संख्या लगभग रेकर्डकै रूपमा बढेको प्रधानमन्त्रीको भनाइ छ ।

सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, त्रिभुवन विमानस्थलबाट सुनको अवैध आयात लगायतका काण्डमा इतिहासकै सबैभन्दा ठुलो अनुसन्धान र कारबाही गरेपछि जनतामा लोकतन्त्रप्रति भरोसा बढेको उल्लेख गर्दै प्रचण्डले भनेका छन्, 'कहिल्यै कानुनले नछुने ठानिएका उच्चपदस्थहरू कानुनको नियन्त्रणमा आए । देशमा पहुँच होइन, विधिको शासन छ भन्ने मान्यता स्थापित गर्न सरकारले कतै कुनै लापरबाही गरेन ।'

किसानहरूलाई समयमै रासायनिक मल सुनिश्चित भएको उनको भनाइ छ ।

जनआन्दोलन र जनयुद्धका क्रममा जीवन उत्सर्ग गर्ने ८४७१ जना सहिदहरूको नामावली नेपाल राजपत्रमा प्रकाशन गरेर सम्मान प्रदान गरिएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण, दुबईमा भएको जलवायु परिवर्तनसम्बन्धी सम्मेलन कोप २८ मा नेपालको प्रस्तुति लगायत स्मरण गर्दै प्रधानमन्त्री प्रचण्डले गैरआवासीय नागरिकता वितरणको प्रक्रिया सुरु भएको बताए ।

भूकम्पका कारण आवास क्षति भई बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि प्रतिपरिवार ५० हजार दिने निर्णय गरी २ अर्ब २६ करोड निकासा गरिएको विषय पनि उनले स्मरण गरेका छन् ।

जनताका विश्वास जगाउन भरपूर प्रयास गरेका प्रचण्डले २०८० को दशक तीव्र विकासको दशक हुने बताए ।

'यस वर्ष ७७६.६१ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ भने ५८७.५ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ । यसै अवधिमा १८१.२ ९ किलोमिटर नयाँ ट्र्याक खोलिएको छ । थप १ लाख ६२ हजार सुरक्षित आवास निर्माण गरी लाभग्राहीलाई उपलब्ध गराइएको छ ।'

अब पूर्वाधारमा कम्तिमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म ब्यारेक मोडलमा लैजाने गरी आफूले नीतिगत र व्यवहारिक छलफल गरिरहेको उनले बताए । प्रचण्डले भनेका छन्, '८० को दशक तीव्र विकासको दशक भन्ने संकल्पसँगै पूर्वाधारमा देशले नयाँ ढंगले फड्को मार्नैपर्छ ।'

सफलताका साथै प्रधानमन्त्री प्रचण्डले प्रतिवद्धता अनुसार अनेकन काम गर्न नसकेको स्वीकार गरे । सफलताका लागि बिभिन्न प्रतिवद्धता जनाएका उनले जनतामा आशा जगाउन नसके आफूले पनि पद ओगटिरहन जरुरी नरहेको बताएका छन् ।

पूर्व रक्षामन्त्री तथा नेपाली कांग्रेसका नेता भीमसेनदास प्रधान एक वर्ष टिक्नु नै प्रचण्डको लागि सफलता भएको बताउँछन् । उनी भन्छन्, 'संसदा ३२ सिटसहित तेस्रो दल हुँदा पनि सरकारको नेतृत्वमा पुग्नु र एक वर्ष टिक्नु नै पप्रचण्डको ठूलो सफलता हो ।'

राष्ट्रियसभा पूर्व सदस्य रामनारायण बिडारी एक वर्षमा प्रधानमन्त्री प्रचण्डले भयंकर ठुला गल्ती केही नै महत्वपूर्ण उपलब्धी भएको बताउँछन् ।

तर उनले यो एक वर्षमा चमत्कार हुने कुरा नभएको पनि टिप्पणी गरे । उनले भने, 'एक वर्षमा सबै चमत्कार हुन्छ भनेर अपेक्षा गर्नुहुँदैन' उनी थप्छन्, 'स्वास्थ्य, शिक्षा, कृषि, श्रमिक, विद्युत, सरकारी निगमलाई तंग्रायाउने कुरामा सरकार सफल भएको छ । सरकारले मरणासन्न सबै निकायलाई ब्युँझाएको छ ।'

नेकपा एमालेका नेता तथा पूर्व परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली सरकारले केही गर्न नसकेको बताउँछन् । उनी भन्छन्, ' प्रधानमन्त्रीको एक वर्ष खेर गयो । मुलुकले कुनै उपलब्धी हासिल गर्न सकेन ।'

## विधेयकको...

प्रयोजनका लागि विधेयकको मस्यौदा माग गरिएको हो' कानुनमन्त्री गुरुङले भनेका छन् ।

कानुन मन्त्रालयका सहसचिव एवम प्रवक्ता कोशलचन्द्र सुवेदीका अनुसार सबै मन्त्रालयबाट सम्भावित विधेयकहरुको मस्यौदा प्राप्त भएपछि त्यसलाई एकिकृत गरेर प्राथमिकता निर्धारण गरिनेछ । हिउँदे अधिवेशनमा कति वटा विधेयक लैजाने तय गर्ने र प्राथमिकताका आधारमा कानुन निर्माण प्रक्रियालाई अघि बढाउने मन्त्रालयको तयारी छ ।

'हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन भनिन्छ । के कति कानुन निर्माण गर्ने हो त्यसको प्राथमिकता निर्धारण गर्नका लागि मन्त्रालयहरुसँग सम्भागित विधेयकको मस्यौदा माग गरिएको हो' सुवेदीले भने ।

मन्त्रालयका अनुसार सरकारको नेतृत्वले संविधान निर्माणसँग सम्बन्धित कानुनहरु बनाउनुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ । त्यस आधारमा विधेयकहरु तर्जुमा गर्ने र अगाडि बढाउने योजना कानुन मन्त्रालयको छ ।

यसअघि राष्ट्रिय सभाको 'संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशष समिति' ले संविधान कार्यान्वयनका लागि आवश्यक विषयहरुको पहिचान गरी त्यसको प्रतिवेदन सरकारलाई दिएको छ । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले पनि संविधान अनुसार बन्न बाँकी कानुनहरुको अध्ययन प्रतिवेदन सरकारलाई बुझाएको छ । दुवै प्रतिवेदनमा संविधान कार्यान्वयनका लागि बनाउनुपर्ने कानुनका विषय छन् ।

## प्रधानमन्त्रीको...

गरिने कार्यलाई पूर्णरूपमा अनलाइन प्रविधिमार्फत गर्ने कार्यको थालनी भएको उल्लेख गरे ।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई दिइँदै आएको २ वर्षे श्रम स्वीकृतिको सीमालाई परिमार्जन गरी करार अवधिबमोजिम नै श्रम स्वीकृति दिने व्यवस्था गरिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विदेशस्थित नियोगबाटै पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको, वैदेशिक रोजगारीमा गएका कामदारहरूलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्याहरू सम्बन्धमा परामर्श उपलब्ध गराउन टेलिमेडिसिन सेवा सञ्चालन गरिएको उल्लेख गरे । वैदेशिक रोजगारीबाट फर्किएका नेपाली कामदारको परिवार र समाजमा पुनःएकीकरणको लागि चालु आर्थिक वर्षमा २५ हजार व्यक्तिलाई रोजगारी प्रदान गर्ने लक्ष्यअनुसार कोशी र मधेश प्रदेशबाट १०/१० वटाको दरले २० वटा स्थानीय तहहरू छनोट गरी पुनःएकीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको भन्दै प्रधानमन्त्री दाहालले सम्बोधनमा स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रबाट वैदेशिक सेवाहरू उपलब्ध गराइएको बताए ।

प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीको क्रममा १० हजार ४२ जनाको मृत्यु भएको उल्लेख गरे । प्रधानमन्त्री दाहालले आश्रित परिवारलाई आर्थिक सहायता प्रदान गर्ने, अंगभंग वा बिरामी भएका कामदारलाई आर्थिक सहायता प्रदान गर्ने र वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिका सन्ततिलाई छात्रवृत्ति प्रदान गर्ने कार्यमा सहजीकरण गरिएको उल्लेख गरे ।

प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जाने कामदारको तलब तथा सेवा सुविधा वृद्धिका लागि श्रम सम्झौता तथा श्रम समझदारी गर्ने प्रक्रिया जारी रहेको बताए । यसक्रममा नेपाल र रोमानियाबीच द्विपक्षीय श्रम समझदारी, जर्मनी सरकारसँग दक्ष श्रम आप्रवासन तथा ज्ञान आदान-प्रदानसम्बन्धी संयुक्त घोषणापत्रमा हस्ताक्षर तथा नेपाल सरकार र बेलायत सरकारबीच द्विपक्षीय समझदारी पत्रको कार्यान्वयनका लागि कार्ययोजना स्वीकृत भएको उल्लेख गरे ।

प्रधानमन्त्री दाहालले सम्बोधनमा वैदेशिक रोजगारीको सन्दर्भमा हुने ठगीलगायतका गुनासाहरू समयमै सम्बोधन गर्ने विषयमा पनि आफ्नो नेतृत्वको सरकार गम्भीर रहेको बताए । त्यसका लागि इमिडिएट रेस्पोन्स टास्कफोर्स गठन गरी राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली गठन गरेर चौबीसै घण्टा गुनासो सुन्ने गरी श्रम कल सेन्टर सञ्चालनमा ल्याइएको बताए ।

प्रधानमन्त्री दाहालले इजरायलमा हमासको आक्रमणपछि अलपत्र परेका २ सय ५४ जना नेपाली नागरिकको नेपाल वायुसेवाको विमानबाट सकुशल उद्धार गरिएको तथा मृत्यु भएका १० जना नेपालीको शव नेपाल ल्याइ सम्बन्धित घर परिवारलाई बुझाएर मृतकका परिवारलाई १० लाखका दरले राहत उपलब्ध गराइएको स्मरण गरे ।

## अक्षम...

प्रधानमन्त्री दाहालले मुलुकमा लगानी ल्याउने भूमिका खेल्ने र पर्यटन वृद्धिका लागि कूटनीतिक गतिविधि हुनुपर्ने सम्बोधनमा उल्लेख गरे ।


# Cyprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनीः **SPOTCYCRISTS SERVICES, Cyprus**

पूर्व स्वीकृती मिति २०८०।०९।०५ | चलानी नं. ६०२१२०७० | LT.No. 296596

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | Euro | ने.रु | | | | | | | |
| 1 | Domestic Worker(Female) | - | 20 | काममा दक्ष | 314 | ४५,९०७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता मिति २०८० पौष १८ गते (03 January 2024) मेनपावर कार्यालय गौशालामा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमाडौंमा सम्पर्क राख्नु होला ।

Gov. Lic. No. 1111/073/74

**Shalma H. R. Overseas Pvt. Ltd.**

Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com


# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

## आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/११**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) | | | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा | गिट्टी | बालुवा | | | |
| १. | 01/BELAKA/REVENUE/SQ/GO/2080-081 | सेती खोला (वडा नं. ८), क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ४६९५.७० | | | ११६०९६४.८७ | कबोल अंकको ५ प्रतिशत | १०००.०० |
| २. | 02/BELAKA/REVENUE/SQ/GO/2080-081 | भालवन्ती खोला (वडा नं. १), क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | | १५८४.०० | ३६९६.०० | ११७४८८४.४८ | कबोल अंकको ५ प्रतिशत | १०००.०० |
| ३. | 03/BELAKA/REVENUE/NCB/GO/2080-081 | यशोदा खोला (वडा नं. ३ र ९) र मुर्ति खोला (वडा नं. ३ र ६) क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ११२१७.८० | १९८४८.४८ | ४३२४.३२ | ८५९७२३६.९६ | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| ४. | 04/BELAKA/REVENUE/NCB/GO/2080-081 | सिसुवा खोला (वडा नं. ३, ४ र ६), जोगिनी खोला (वडा नं. ६), कटारी खोला (वडा नं. ४) र धारा खोला (वडा नं. २) क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ७७९०.०० | २०६४०.०० | ७५७०.०० | ८६३३२६७.६० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| ५. | 05/BELAKA/REVENUE/NCB/GO/2080-081 | गिदेरी खोला (वडा नं. ३ र ५), मैनी खोला (वडा नं. ५) र खरोरीया खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | १०२५०.०० | १३८३०.०० | ११९२०.०० | ८४७९६२५.६० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| ६. | 06/BELAKA/REVENUE/NCB/GO/2080-081 | बगाहा खोला (वडा नं. १) र त्रियुगा खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ३६००.०० | ३६००.०० | २८८००.०० | ७८८३४२४.०० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |

**शर्तहरुः**

१. माथि उल्लेखित तपसिल बमोजिमको तालिकामा सि.नं. १ र २ को हकमा प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन (कार्यालय समयसम्ममा) उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa– Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु संलगन गरी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछ ।

२. माथि उल्लेखित तपसिल बमोजिमको तालिकामा सि.नं. ३, ४, ५ र ६ को हकमा प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन १२.०० बजे सम्म उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa– Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

३. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ ।

४. कार्यालयले तोकेको बाँकी अन्य शर्तहरू तथा विस्तृत जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको वेबसाईट https://belakamun.gov.np/ मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# दोलखा महोत्सवको तयारी पूरा, प्रधानमन्त्रीले उद्घाटन गर्ने

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १० पुस

उद्योग वाणिज्य संघ दोलखाको आयोजनामा शुरु हुन लागेको 'बृहत्त दोलखा महोत्सव २०८०' को तयारी पूरा भएको छ।

यही पुस १३ गतेदेखि २२ गतेसम्म दोलखाको समग्र पर्यटन प्रवर्द्धन तथा जिल्लाका व्यापार व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले गर्न लागेको महोत्सवको तयारी पूरा भएको संघले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ।

महोत्सवस्थल सदरमुकाम चरिकोटस्थित रंगशालामा स्टल बनाउने काम सकिएको छ भने स्टल बुकिङ पनि भइरहेको छ। त्यस्तै व्यवसायिक स्टल जिल्ला भित्रलाई ६३ वटा, संघसंस्था/कार्यालयका लागि ६० वटा र जिल्ला बाहिरका लागि २७ वटा स्टल छुट्टाएको छ। ५ हजार देखि ३० हजारसम्ममा रहेका सबै स्टलको बुकिङ भइरहेको छ। महोत्सवको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गर्ने कार्यक्रम तय भएको संघका महासचिव सुरेस उप्रेतीले जानकारी दिए।

माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रचण्ड महोत्सव उद्घाटन गर्न दोलखा आउने भएपछि समग्र दोलखामा चासोको




विषय समेत बनेको छ। प्रधानमन्त्री आउने भनेपछि नेता तथा कार्यकर्ताहरुको समेत महोत्सवमा ध्यान केन्द्रित भएसँगै चहलपहल बढ्दै गएको देखिन्छ। महोत्सवमा प्रयाप्त मात्रामा पर्यटक भित्र्याइ जिल्लाको व्यपार व्यवसाय र पर्यटन क्षेत्रलाई उकास्न संघले प्रचारप्रसारलाई समेत तीव्रता दिएको छ। १० दिनसम्म चल्ने महोत्सवमा स्थानीयस्तरका उत्पादनलाई विशेष जोड दिइएको छ। संघले धार्मिक तथा पर्यटकीय स्थल कालिन्चोक, शैलुङ, दोलखा भिमसेन, खरिढुंगा, जिरी, चेर्दुङ, रोल्वालिङ, माथिल्लो तामाकोशी जलविद्युत आयोजना लगाएतका अन्य थुपै सम्पदाहरूको व्यापक प्रचार-प्रसार गर्न समेत दोलखावासीलाई अपिल गरेको छ। कृषि उत्पादन, हस्तकलाका सामग्री प्रदर्शनीका साथै परम्परागत जातीय संस्कृति झल्कने प्रस्तुती रहने पनि महासचिव उप्रेतीले बताए।

त्यस्तै मिलन नेवार, राजनराज शिवाकोटी, एलिना चौहाल, प्रिती आले, ज्योती मगर, नवराज घोरासैनी, रमेश प्रसाईं, प्रताप दास, रमेशराज भट्टराई, हरिबहादुर राउत लगायतका राष्ट्रिय कलाकारको प्रस्तुति रहने आयोजकले जनाएको छ। साथै स्थानीय कलाकारहरुको प्रस्तुती, विविधि साँस्कृतिक कार्यक्रम, ब्याडमिन्टन प्रतियोगिता लगायत कार्यक्रमसमेत हुनेछ। महोत्सवमा चरिकोट टुँडिखेलदेखि भ्यूटावर हुँदै देउरालीसम्म घोडचडि सञ्चालन गरिनेछ।

महोत्सव हेर्न आउने विद्यार्थी तथा अपाङ्ग, वृद्ध जेष्ठ नागरिकहरुलाई विषेश छुटको व्यवस्था समेत गरेको आयोजकले जनाएको छ। अहिले महोत्सवस्थलमा मनोरञ्जनात्मक लागि संरचना बनाउने काम करिब सकिन लागेको छ। महोत्सवले समग्र दोलखाको पर्यटन, कृषि, अन्नबाली र जलस्रोतमा अब्बल जिल्लाका रूपमा राष्ट्रमाझ चिनाउँदै विकासमा फड्को मार्ने लक्ष्य आयोजकले लिएको छ।

## मुस्लिम इत्तेहाद संगठनको केन्द्रीय पदाधिकारी चयन

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, १० पुस

मुस्लिम इत्तेहाद संगठन नेपाल केन्द्रीय पदाधिकारी बैठक सम्पन्न भएको छ। बैठकले केन्द्रीय अध्यक्षमा ताज मोहम्मद, उपाध्यक्षमा कलिला खान, महासचिवमा संविधान सभा सदस्य अनारकली, केन्द्रीय सचिव तथा मदेश प्रदेश इन्चार्जमा अब्दुल हुसैन खान, मधेश प्रदेश कार्यवाहक अध्यक्ष गुलाम सरवर, सदस्यमा सलामुदिन दर्जीलाई चयन गरेको छ। बैठकले अझै संगठनलाई सकृय बनाउन, मुस्लिम समुदायको हकहितमा निरन्तर काम गर्ने निर्णय गरेको छ।

यस्तै मधेश प्रदेशको इन्चार्ज तथा केन्द्रीय सचिव गुलाम सरवरलाई नियुक्त गर्ने निर्णय भएको अध्यक्ष ताज मोहम्मदले जानकारी गराए। काठमाडौं आलोकनगर नेकपा एकीकृत समाजवादी केन्द्रीय कार्यालयको बैठकमा संगठनका केन्द्रीय पदाधिकारीको नाम चयन भएको हो।

## सानिमा बैंक लिमिटेडको धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई बुझाउने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको सवारी साधन कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, किस्ता, हर्जाना तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले **मिति २०७८ साल माघ महिना १७ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकमा** कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना तथा **मिति २०७८ साल चैत महिना २५ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकमा** २१ दिने धितो लिलामी सम्बन्धी सूचना मार्फत तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगरी कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यसै सूचनाबाट पुनः ताकेता गरीएको छ। साथै, बैंकको नाममा सुरक्षण स्वरूप रहेका तपसिलमा उल्लेखित सवारी साधन तपाई ऋणीले हालसम्म बैंकमा नबुझाउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र उल्लेखित सवारी साधन आफूलाई पायक पर्ने यस बैंकको नजिकको शाखा वा बैंकको केन्द्रीय कार्यालय नक्सालमा बुझाउनहुन ऋणी तथा जमानतकर्ताहरूलाई यसै सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ। हाल उक्त सवारी साधन ऋणी बाहेक अन्य कसैद्वारा प्रयोग गरिएको भएमा त्यस्ता व्यक्ति तथा संस्था लगायत सम्बन्धित सबैलाई सवारी साधनको त्यस्तो प्रयोग गैर कानुनी भएको व्यहोरा जानकारी गराउदै त्यसरी प्रयोग गरी रहनु भएको सवारी साधनहरू आफूलाई पायक पर्ने यस बैंकको नजिकको शाखा वा बैंकको केन्द्रीय कार्यालय नक्सालमा तुरून्त बुझाउन हुन सुचित गरिन्छ। यसै सूचना अनुसार समेत सवारी साधन नबुझाइएमा प्रचलित कानुन अनुसार कारबाही अगाडि बढाउन सकिने व्यहोरा समेत सूचित गरिन्छ।

साथै, जानी जानी वा भवितब्य परी उपरोक्त सवारी साधन कुनै गैर कानुनी कार्यमा प्रयोग भएमा वा कुनै घटना घटेमा सो को सम्पूर्ण जिम्मेवारी ऋणी तथा सवारी साधन प्रयोगकर्ताले नै लिनु पर्ने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराउन चाहन्छौ।

**तपसिलः**

| | |
|---|---|
| **ऋणीको नाम, थर र ठेगाना** | |
| गोपीलाल साह कल्वारको नाती, रामअधार प्रसाद कल्वारको छोरा, बारा जिल्ला, कलैया नगरपालिका वडा नं. ५ बस्ने सर्वन प्रसाद कल्वार। | |
| **व्यक्तिगत/संस्थागत जमानतकर्ताहरूको नाम, थर र ठेगाना** | |
| १. | जगन्नाथ प्रसाद साहको छोरी, सर्वन प्रसाद कल्वारको श्रीमती, बारा जिल्ला कलैया नगरपालिका वडा नं. ५ बस्ने किरन देवी। |
| २. | रामअधार प्रसाद कल्वारको नाती, सर्वन प्रसाद कल्वारको छोरा, बारा जिल्ला, कलैया नगरपालिका वडा नं. ५ बस्ने राजाबाबु साह। |
| ३. | नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय बारा, कलैयामा प्रा.फ.र.नं. २१३०/०६८/६९ (स्थानीय ब्यापार) कायम भई मिति २०६९/४/१४ मा दर्ता भएको बारा जिल्ला, कलैया न.पा वडा नं. ५ स्थित राजा बाबु गल्ला भण्डार। |
| **सवारी साधनको विवरण** | |
| धनी सानिमा बैंक लिमिटेड (ऋणी सर्वन प्रसाद कल्वार) को नाममा नारायणी अञ्चल, यातायात व्यवस्था कार्यालय, वीरगंजमा दर्ता रहेको सवारी नं. ना ८ ख २१९९ को ईन्जिन नं. 81G63710299 को च्यासिस नं. MAT448137J3R21753 को TATA-HCV Tripper ट्रिपर। | |

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## कतारमा रोजगार

कम्पनी : ALAMAAN DESIGN शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७९/०८/१९ चलानी नं.: ६०१९२७८४ LT. No.: 276335 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 0 | 1 | स. काममा दक्ष | 1200 | ४३,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १८ गते (3 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४५६९३७२ ०१-४५६१०७७ मो. ९८२३३५१५४५, ९८४९१७०६०२

## Junichande Rural Municipality
## Office of the Rural Municipal Executive

**Majkot, Jajarkot**
**Karnali Province, Nepal**

### Invitation for Sealed Quotation

**Invitation for Sealed Quotation for the procurement of Supply And Delivery Of Medicine**
**Sealed Quotation No: JCRM/SQ/GOODS/01/080/081**
**Date of Publication : 27-12-2023**

1. The Junichande Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply And Delivery Of Medicine.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Junichande RM Jajarkot, junichanderuralmun@gmail.com.

   **OR**

   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Junichande Rural Municipality Jajarkot by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non- refundable fee of NRs.1000.0 till 11-01-2024 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account

   i. **Name of the Bank : Agricultural Development Bank Ltd.**
   ii. **Name of Office : Junichande Rural Municipality**
   iii. **Office Code no : 801066605**
   iv. **Office Account No : 0726305131219010**
   v. **Rajaswa (revenue) Shirshak No :**
5. Sealed bids must be submitted to the office Junichande Rural Municipality Jajarkot by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 11-01-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-01-2024 13:00 at the office of Junichande Rural Municipality, Jajarkot, Karnali Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [0726305131219118] at [Agricultural Development Bank Ltd., Majkot, Jajarkot] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Office**

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

१. कम्पनी : **SPINNEYS ABU DHABI LLC** शहर : **ABU DHABI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०८ LT. No.: 289573 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 242 | 35 | स. काममा दक्ष | 2025 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : **FINE FARE FOOD MARKET L.L.C** शहर : **DUBAI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 43 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 52 | 20 | | 2025 | ७३,०६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १० देखि १५ गते (26 to 31 December 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ। उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको COOK, BARISTA, DELI/BAKERY र BUTCHER को हकमा ३५ बर्ष सम्मको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ।

CHEF, COOK, BARISTA, DELI/BAKERY, KITCHEN STAFF, COFFEE SHOP FAST FOOD, RESTAURANT STAFF, WAITER, KITCHEN WORKER,BUTCHER सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता। फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन। कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ।

**नोटः प्रि तथा फाइनल अन्तर्वार्तामा आउँदा आफ्नो बायो डाटा, अनुभव, राहदानी र शैक्षिक प्रमाण पत्रको प्रतिलिपी लिई उपस्थित हुनुहोला।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचालमा सम्पर्क गर्नुहोला। ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, धुम्बाराही हाईट, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351
Email: newgurkhasintl@gmail.com./ Whats App No: +977 9866 298734.

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **THE SULTAN CENTER FOR TRADING AND GENERAL CONTRACTING WLL** शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०९/१० चलानी नं.: ६०२१२०७१ LT. No.: 297065

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 30 | 30 | सम्बन्धित काममा दक्ष | 160 | ६९,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 20 | 0 | | 100 | ४३,२०९ | | | | | | | |
| 3. | Salesperson | 20 | 20 | | 140 | ६०,४९३ | | | | | | | |
| 4. | Warhouse Ass. | 50 | 0 | | 140 | ६०,४९३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० पुष १८ गते (3 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203




मध्यान्ह
www.madhyanhadaily.com
११ पुस २०८०, बुधबार
27 December 2023, Wednesday

सम्पादकीय

## प्रगति विवरण पो आउनुपर्ने त !

आमचुनाव-२०७९ पछि बनेको सरकारले एक वर्ष पुरा गरेको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार विशेष सम्बोधन गरेका छन् । संघीय संसदको तेस्रो शक्ति बनेपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले गत वर्ष १० पुसमा तेस्रोपटक प्रधानमन्त्री नियुक्त भएका थिए । प्रधानमन्त्री बनेपछि प्रचण्डले केही गरेर देखाउने प्रतिबद्धता जनाएका थिए । दुईपटक प्रधानमन्त्री हुँदा ठोस् काम गर्न नसकेको स्वीकार्दै प्रचण्डले विगतको अनुभवबाट पाठ सिक्ने पनि बताएका थिए । तर मंगलबार सम्बोधन गर्दा पनि प्रचण्डले एक वर्ष अघिकै कुरा दोहोऱ्याए । आफैले सरकारले उत्साहजनक काम गर्न नसकेको प्रधानमन्त्री प्रचण्डले स्वीकारेका छन् । जनतालाई निराशा नबन्न आग्रह गरेका प्रधानमन्त्री प्रचण्डले चाहेजस्तो गर्न नसकेको बताए ।

तर देशलाई असफल हुनबाट जोगाएको दावी पनि गरे । आर्थिक सूचक खराब रहँदा प्रधानमन्त्री बनेपनि देशलाई असफल हुनबाट जोगाएको उनको दावी छ । प्रधानमन्त्री प्रचण्डले आफूले गरेको केही सकारात्मक सूचकहरू प्रस्तुत गरेका छन् । विशेषगरी उर्जा र इन्धनको क्षेत्रबाट नाफा कमाएको विवरण पेश गर्दै 'देशमा केही भएको छैन' भन्ने भाष्यतिर नलाग्न आग्रह समेत गरेका छन् । तर प्रधानमन्त्री प्रचण्डको सम्बोधनमा अधिकांश विषय आगामी दिनमा गरिने कामको प्रतिबद्धतामा खर्च भयो । प्रधानमन्त्रीको सम्बोधन सुनिरहँदा सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याएको अनुभूति हुन्थ्यो । जबकी प्रधानमन्त्री प्रचण्ड कार्य प्रगति सुनाउन टेलिभिजनमा प्रत्यक्ष प्रस्तुत भएका थिए । प्रत्यक्ष सम्बोधनमा प्रधानमन्त्रीबाट प्रगति विवरणकै अपेक्षा थियो ।

तर आफैले चाहेजस्तो काम गर्न नसकेको सुरूमै स्वीकारेर थालेको सम्बोधनको अन्त्य आगामी दिनमा काम गर्न नसके पदमा रहिरहन आवश्यक नरहेको भनेर टुंगियो । प्रधानमन्त्रीको सम्बोधन सकिदा सुन्ने/हेर्ने र पढ्नेलाई पक्कैपनि सरकार सफल हुन नसकेकै आभास भयो । घटनाक्रम हेर्दा पनि प्रधानमन्त्री प्रचण्डको वर्ष दिन राजनीतिक हिसाब मिलाउदैमा सकिएको छ । भ्रष्टाचारविरूद्ध ठूलो कदम चाल्ने थालनि बीचमै टुंग्याएर प्रधानमन्त्री प्रचण्ड लगातार सम्झौतामा अल्झिएका थिए । कतिसम्म भने नेमकिपा बाहेक संसदमा सहभागी सबै दललाई सरकारमा सहभागी गराउने, गठबन्धन बदल्ने र मन्त्रिपरिषद् पुनर्गठनमै प्रधानमन्त्रीको वर्ष दिन सकिएको थियो । तसर्थ सरकारको वर्षदिने प्रगति सुनाउन प्रधानमन्त्रीसँग उल्लेख्य केही थिएन, सम्बोधनका क्रममा प्रधानमन्त्रीले स्वीकारे पनि । यस्तो शैली र स्वीकारोक्तिले सरकारप्रति जनतामा विश्वास बढ्ने आधार देखिदैन । तर पनि अझै समय बाँकी छ । प्रधानमन्त्रीले फेरि सम्बोधन गर्दा कार्यक्रम होइन, प्रगतिविवरण लिएर प्रस्तुत होओउन् ।


# मधेशमा गरिबी, अशिक्षा र रुढिवादको चक्र

अग्रलेख



● कौशल गोपालवंशी

आठ महिना लगाएर मंसिर २७ गते मंगलबार अनुचित लेनदेनसम्बन्धि जाँचबुझ आयोगले मिटरव्याजीको प्रतिवेदन सरकारलाई पेश गरेको छ । प्रतिवेदनमा नेपालको ३६ जिल्लाको मिटरव्याजीको अवस्थाबारे उल्लेख गरिएको छ । मिटरव्याजीको बिरोधमा २८ हजार निवेदन परेको मध्ये २४ हजार निवेदन मधेश प्रदेशको आठ जिल्ला र लुम्बिनी प्रदेशको पश्चिम नवलपरासी जिल्ला रहेको छ । अर्थात् ८५.७१ प्रतिशत मिटरव्याजीको समस्या मधेशी प्रदेशमै रहेको छ । यी जिल्लाहरूमा लिएको रकमभन्दा दोब्बर रकम लिएको भनी तमसुर बनाइएको पाइयो । तमसुर बनाई विभिन्न किसिमको गैर न्यायिक उत्पीडन साहुले ऋणीलाई दिएको हामी विभिन्न समाचार माध्यमबाट पढेकै छौं ।



